सघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी खबर

राष्ट्रिय दैनिक

माझखर्क साप्ताहिकको सह-प्रकाशन



गाडि रिर्जभ चाहिएमा



डाईभर नन्दु चौधरी मो.न.९८४२९९०५४
९८५२८३७८२



बर्ष-१५, अंक ३४९ असार २४ बिहिबार,२०७८, July- 8 Thursday 2021, यलेदुङ किरात सम्वत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ पृष्ठ -४ मूल्य रु. ५/- www.majhkharka.com


# अस्तब्यस्त उदयपुर जिल्ला सदरमुकाम गाईघाट बजारले कहिले रुप फेर्ला ?

❖ बुद्धि कुमार राई

*गाईघाट, असार २३*

उदयपुर जिल्लाको सदरमुकामको त्रियुगा नगरपालिकाको ११ नं. गाईघाट बजार अहिले अस्तब्यस्त छ । गाईघाट बजार उदयपुरको मुटु जस्तै भएकाले यस आर्थिक आर्थिक वर्ष यसलाई सुन्दर, आकर्षक बनाउनका लागि मुख्य चोकमा ट्राफिक बत्ती राखिने भएको छ । गाईघाटको मुख्यचोकदेखि बैङ्क लाईन, विद्युत मार्ग चोकदेखि आखाँ अस्पतालसम्म, मुख्यचोकदेखि त्रियुगा पुलसम्म बजारलाई सुन्दर बनाउन अहिले काम धमाधम भईरहेको छ ।

मदन भण्डारी लोकमार्गको को मुख्य चोकमा १५ फिट अग्लो र २ फिट चौडाईको ट्राफिक लाईट राखिने भएको हो । त्रियुगा नगरपालिका ११ का वडाध्यक्ष बिश्वराज



गाईघाट स्थित सिटीहल ।

भट्टराईका अनुसार सडकमा हिड्दाहिड्दै परैबाट हेर्दा राम्रो र आर्कषण देखिने सानो आकारको चोक बनाउन लागिरहेको उनले बताए । गाईघाटको मुख्य चोकमा राम्रो चोक बनाउन बिभिन्न सरोकारवाला निकायका ब्यक्तिहरुसँग सल्लाह लिइएको बताए ।

अहिलले त्रियुगा नगरपालिका र वडा नम्बर ११ को वडा कार्यालयले बिभिन्न सञ्चार माध्यमहरुमा सुचना प्रकाशन गरेर सल्लाह लिईरहेको छ । मदन भण्डारी लोकमार्गको मुख्य चोकमा ठुलो योजना नभई सानो र आकर्षक चोक बनाउन खोजिएकाले वडाध्यक्ष भटटराईले सरोकरवालहरुसँग गरेर विगतको जस्तो नभइ वैज्ञानिक प्रविधीवाट बनाइने उनल बताए ।

गाईघाटको मुख्य चोकमा यसअघि पहिला ४ पटक बनाएर चोक भत्काईएकोले अब बन्ने चोक ५० बर्षसम्म टिकाउ हुने किसिमको बनाईने भएको छ । सरोकारवालाहरुसंग सल्लाहा माग गरिरहेको मदन भण्डारी लोकमार्ग पुरा नभएको भट्राईले बताए । आउने दिनहरुमा बिभिन्न ठाउहरुमा जेब्राक्रसहरु राख्ने, सडकपेटिहरु खालि गर्ने देखि लिएर पुर्ण बजारलाई व्यबस्थित बनाउने विभिन्न ट्राफिक प्रहरी, नगरप्रहरीहरुसँग छलफल गरेर बजारमा हुने दुर्घटनालाइ कम गर्न जनचेतना फैलाउने व्यवस्थित सहरको स्थापना गर्ने वडाको योजना रेहेको अध्यक्ष भटटराईले बताए ।

लोकमार्गको चारैपटि ठुलो र व्यबस्थित नालाहरु बनाएकाले नालाको पानी पर्याप्त पानी जाने ठाउ भएका कारण गत वर्ष गाईघाट बजार त्यति जोखिम डुबानमा नपर्ने उनको भनाई छ । समस्या परिहाले पनि नेपाल प्रहरीहरुसंग सर सहयोग लिएर डुवानमा पर्न नदिने भट्राइले बताए । बरुवा खोलाको बाँध फुट्ने सम्भावना भएकोले भट्राई दिनमा दुईपटक अवलोकन गर्न गईरहने बताए । आफु मात्र नभई नगरप्रमुखँसग ४ दिनअघि बरुवा खोलाको पुरै भाग अवलोकन गरी फुटेको र क्षति पुर्याउने सम्भाबना रहेको ठाउलाइ अध्यन गरी प्राविधिकको टोलि लगेर व्यवस्थित गरिएको थियो । अवको २ दिन भित्रमा बाँध बाँध्ने काम सुरु गर्ने यस्को त्यसको लागि वडा र नगरपालिकाले ब्यापक तयारी गरिरहेको पनि वडाध्यक्ष भट्टराईले बताए । बरुवा खोलालाई व्यवस्थित गर्नको लागि वजेट विनियोजन गरीसकेको र क्षति पुर्याउने आशंका भएमा विभिन्न सरोकारवालाहरुसँग बसेर तत्काल बाँध बाँध्न त्रियुगा नगरपालिका प्रतिबद्ध भएर बसेको

# चौतारा मान्छे मार्ने धराप बन्दै

❖ बेद कुमारी राई

*गाईघाट, असार २३*

उदयपुर जिल्लाको सदरमुकाम गाइघाटस्थित त्रियुगा नगरपालिका १० राधाकृष्ण मन्दिर परिसरमा राधाकृष्ण मन्दिर चौतारा,विश्रामस्थल तथा रिटेनिङ वाल निर्माणमा अहिले जोखिपुर्ण अबस्थामा रहेको छ ।

त्रियुगा नगरपालिका उदयपुरले १५ लाख खर्च गरेर बनाएको चौतारा सुरक्षित किसिमको नहुँदा जोखिमपुर्ण बनेको हो ।

चौतारा त बन्यो तर सुरक्षित तरिकाको नहुँदा मानिस लड्ने संभावना बढि छ । चौताराको पर्खाल २० मिटर भन्दा बढि अग्लो छ । त्यहाँ बस्दा कुर्न समाउने या अड्याउने डोरी बार छैन । यात्रुहरु चौतारमा आएर फोटो खिच्ने, बिसाउने गर्दा शितल महसुस गरी उड्न सक्छ र लड्न सक्ने संभावना बढि छ । यसको लागि सम्बन्धित निकाय त्रिनपा १० बोक्से वडा कार्यालयलेले सुरक्षित बार या डोली लगाईदिन आबश्यक रहेको छ ।



२०७८ साल बैशाख ६ गत्तेदेखि निर्माण सुरु गरिएको चौतारामा ६ पुरुष, १७ महिला श्रमिकहरुले प्रधानमन्त्री स्वरोजगार कार्यक्रम मार्फत काम गरिरहेका छन् । सो चौतारा निर्माण कार्यक्रमा उपभोक्ता समितिको जनश्रमदानबाट २ लाख २३ हजार ८ सयँ ९९ रुपयाँको काम भएको छ । यसैगरी प्रधानमन्त्री रोजगार कार्यक्रमबाट २३ जना श्रमिकले ९ लाख २२ हजार ३ सयँ २८ रुपयाँ बराबरको ज्याला पाएका छन् ।

कुल लागत २५ लाख ८८ हजार ६ सय रुपैया मा दुईवटा चौतारा सम्पन्न हुदै छ ।


भिमरैता हस्पिटलको सेवा गाईघाटमा




हस्पिटल प्रमुख डाक्टर निर्मला चौधरीको कमाण्डमा २४ सै घण्टा सेवा दिईनेछ ।

स्थान. गाईघाट असारी रोड । सम्पर्क.९८१६७४५६१७

हाम्रा सेवाहरु-
१, डा. निर्मला चौधरी (MBBS)
२, डा.राम नारायण चौधरी( बालरोग बिशेषज्ञ)
३, डा.मनोज चौधरी(छाला रोग बिशेषज्ञ)
४, डा. सरोजकुमार साह(हार्डजोर्नी तथा नशा रोग बिशेषज्ञ)
५, डा. साधना साह( स्त्री रोग बिशेषज्ञ)
६, डा.रबिन्द्र चौधरी( वरिष्ठ फिजिसियन
७, डा. बलेश्वर यादव( नाँक,कान,घाँटी रोग बिशेषज्ञ)
६, डा. सुवास कुमारचौधरी( MBBS) युरोसर्जन

## अस्तब्यस्त ....

भटराईले बताए। यदि विपद आईपरेमा खर्चका लागि त्रियुगा नगरपालिकाले एक करोड बजेट तयार पारेर तयारी अबस्थामा राखेको छ।विपद भन्ने कुरा टारेर टार्न नसकिने तर पनि विपदको व्यवस्थाका लागि बाँधलाई क्रमागत रुपमा नियन्त्रण गर्दै आइरहेको भट्राईले बताए। त्रियुगा नगरपालिकाको मदनभण्डारी लोकमार्गमा पार्किङको राम्रो व्यवस्थापन नभएका कारण जाम हुने सम्भावना देखिएको छ। गाईघाट बजारमा पार्किङ गर्ने ठाउँ नै नभएकाले पनिचुनौतिपुण रहेको छ। त्यसकारण बैंङक लाइनमा बढि भिडभाड हुने भएकाले त्यहाँ शशुल्क पार्किङ राखिने, पिपलचोकदेखि मेनचोकसम्म पार्किङको लागि तयारी राखिएको छ।

विद्युत लाईन जस्ता ठाउहरुमा पार्किङको तयारी चलिरहेको छ। यसको साथसाथै सडक पेटिहरुलाई पुर्णरुपमा खुल्ला बनाएर पैदल यात्रुलाई हिन्ने व्यवस्थपन गरिने छ। योजना अनुसार साउन १ गत्ते उद्धाटन गर्ने भनिएको तर बर्षाको कारण काम नभएको जानकारी भट्राईले दिए। सडक पेटि निर्माणको क्रममा १५ विघाको क्षेत्रमा कृषि फम व्यबस्थापन गरीरहेको छ।

यसमा सडक पेटिमा राखिने तरकारी तथा ठेला गाडालाई व्यवस्थापन गरेर व्यवस्थित चोक बनाइने भएको छ। त्रियुगा नगरपालिकाको मुख्य चोकमा जनताको चाहाना,इच्छा र माग अनुसार ट्राफिक लाईट र चारैतिर सिसी क्यामेरा भएको सानो तर राम्रो चोक निर्माण गर्ने भएको छ। बर्षाको कारणले कालो पत्रे सडक निर्माण हुदै गरेको काम हाल कात्तिकसम्म समय थपेर स्थगित गरिएको छ।

निर्माणको अन्तिम चरणमा पुगेको साथै पार्किङ तथा सडक पेटिको व्यवस्थापन भईरहेको भए पनि हाललाई काम स्थगित गरिएको छ। निर्माण हुदै गरेको काम हाल कात्तिकसम्म समय थपेर स्थकित गरिएको छ। निर्माणको अन्तिम चरणमा पुगेको साथै पार्किङ तथा सडक पेटिको व्यवस्थापन भएपछि ११ नं. वडालाई सुन्दर, हराभरा, स्वच्छ र व्यापारिक केन्द्र बनाउने प्रयास भईरहेको छ।

बजारलाई व्यवस्थित र आकर्षक बनाउन सम्बन्धित सरोकारवालासँग बसेर यसलाई सुन्दरतामा परिणत गर्ने लक्ष्य रहेको भट्राईले बताए। सम्पुर्ण एद्योग ब्यापारी तथा नगरवासीहरुलाई नगरपालिकाको निति नियम पालना गर्दै साथ दिएर वडाको मेन बजारलाई व्यावस्थित गर्न, सन्दर बनाउन, सफा,र स्वच्छ बनाउन सम्पूर्ण नगरवासीहरुलाई अनुरोध






असार २३ गते बुधबार साँझ गाईघाट बजारलाई खतराको रुपमा रहेको बरुवा खोलाको बाँध बारे गाईघाट बजारका स्थानीय तथा त्रियुगा उद्योग बाणिज्य संघका पूर्व वरिष्ठ उपाध्यक्ष भरत चामलिङ राईसँग जानाकारी लिदैं जिल्ला प्रहरी कार्यालय उदयपुरका प्रहरी प्रमुख प्रहरी उपरिक्षक (एसपी) सुबास चन्द्र बोहोरा। तस्बिर - बुद्धि कुमार राई



| | | | |
|---|---|---|---|
| १, आलु | रु ३० | १७, लोकलबोडि | रु ८० |
| २, अदुवा | रु १२० | १८, खर्बुजा | रु ४० |
| ३, टमाटर | रु ६० | १९, रायो साग | रु १०० |
| ४, बन्दा | रु ५० | २०, लट्टे साग | रु ६० |
| ५, भेन्टा | रु ४० | २१, प्याज | रु ५५ |
| ६, खुर्सानी | रु ८० | २२, निगुरो | रु २५ |
| ७, मुला | रु ४० | २३, दुध | रु ७० |
| ८, पर्बल | रु ६० | २४, दहि | रु ९० |
| ९, तितेकरेला | रु४० | २५, महि | रु ५० |
| १०, भिन्डी | रु ४० | २६, घिउ | रु ७०० |
| ११, च्याउ | रु २०० | २७, रागाको मासु | रु ४०० |
| १२, फुलकोबी | रु १०० | २८, बंगुरको मासु | रु ४०० |
| १३, फर्सि | रु ५० | २९, खसिको मासु | रु १००० |
| १४, कटहर | रु ४० | ३०, कुखुराको मासु | रु ३२० |
| १५, काका | रु ४० | | |
| १६, धनियाँ | रु ८० | | |


# सगरमाथा
## डिपाटमेन्ट स्टोर
## गाईघाट, उदयपुर








प्रोपाइटर - किरण चामलिङ राई

# बिके किराना पसल



**३३ वर्ष अघि २०४५ साल मंसिर १ गतेदेखि ग्राहकहरुको सेवामा समर्पित।**

गुणस्तरीय सामान सस्तो, सुपथ मुल्यमा आफै सामान छान्न सकिने, डिपाटमेन्ट स्टोस जस्तै सेवा भएको , होम डेलिभरी सेवा भएको विगत ३३ वर्ष अघिदेखि गाईघाटको ग्राहकहरुको सेवा बिके किराणा पसल। गाईघाट, असारी रोड लालिगुरास बोडिङ पूर्व मन्दिर संगै, उदयपुर। ***प्रोपाइटर* - भरत चामलिङ राई**

सम्पर्क - ९८६८१९८५२४ / ९८०२२१५२९६



असार २३ गते बुधबार साँझ ओर्लिएको बरुवा खोलाको भेल । तस्बिर - मुलुकी

**ईटलि...**४-३-३ को रणनीतिमा मैदान उतारेका थिए । समुहको पहिलो खेलमा स्वीडेनसँग गोलरहित बराबरी र दोस्रो खेलमा पोल्याण्डसँग १-१ को बराबरी खेलेपछि स्पेनलाई स्लोभाकियाविरुद्ध जीत्नैपर्ने दबाब थियो। जीतपछि समुह उपविजेताको हैसियतमा स्पेनले शिर्ष १६ को यात्रा पक्का गरेको छ । शिर्ष १६ मा स्पेनले समुह डि को उपविजेता क्रोएशियासँग प्रतिस्पर्धा गर्नेछ ।

स्पेनविरुद्ध बराबरीमात्र गर्न सकेको भएपनि स्लोभाकिया स्पेनलाई पछि पार्दै अघिल्लो चरणमा जान सक्थ्यो। स्लोभाकियाले पहिलो खेलमा पोल्याण्डलाई २-१ ले स्तब्ध पारेपनि दोस्रो खेलमा स्वीडेनसँग १-० ले हारेको थियो। एकै समयमा खेलाइएको अर्को खेलमा पोल्याण्डलाई पुग्न सफल भयो । रसियाको क्रेसतोभ्सकी रंगशालामा प्रतिस्पर्धात्मक जीत हात पारेसँगै स्वीडेन समुह इ को विजेता बन्यो ।

इमिल पिटर फोर्सबर्गले दोस्रो र ५९ औं मिनेटमा स्वीडेनका लागि दुई गोल गरेका थिए । रोबर्ट लेवान्डस्कीले ६१ औं र ८४ औं मिनेटमा पोल्याण्डका लागि लगातार दुई गोल फर्काएका पनि थिए । तर निर्धारित ९० मिनेटपछि थप पाँच मिनेटको इन्ज्यूरी समयको चौथो मिनेटमा भिक्टर क्लेसनले एक गोल थपेपछि स्वीडेन अन्तिममा आएर ३-२ को जीत रच्न सफल भयो । हारपछि पोल्याण्ड समुह चरणबाट बाहिरिएको छ ।

समुह इ का यी दुई खेल सकिएपछि बिहिबार बिहान १२:४५ बजे भएको समुह एफ का अन्तिम दुवै खेलमा २-२ को आश्चर्यजनक नतिजा निस्कियो । जर्मनी र हंगेरी अनि पोर्चुगल र फ्रान्सले २-२ को बराबरी खेल । हंगेरीले जर्मनीविरुद्ध लिएको दुईपटकको अग्रता जोगाउन नसक्दा प्रतियोगिताबाट बाहिरिनुपर्‍यो । हंगेरीका लागि ११ औं मिनेटमा एडम जालाइ र ६८ औं मिनेटमा आन्द्रेस स्काफरले गोल गरेका थिए । जर्मनीका तर्फबाट ६६ औं मिनेटमा काइ हाभार्ज र ८४ औं मिनेटमा लियन गोरेज्काले एकएक गोल फर्काए । ग्रुप अफ डेथ मानिएको समुहको उपविजेता बन्दै जर्मनी शिर्ष १६ पुग्न सफल भयो । इयि समुहमा पोर्चुगलसँग २-२ को बराबरी खेल्दै फ्रान्स समुहको विजेता बन्दै अघाडि बढ्न सफल भयो । पहिलो हाफको ४५ मिनेटपछिको इन्ज्यूरी समयको दोस्रो मिनेटमा पेनाल्टी मार्फत गोल गरेका करिम बेन्जेमाले फ्रान्सका लागि ४७ औं मिनेटमा अर्को गोल थपेका थिए ।

पोर्चुगलका कप्तान क्रिश्चियानो रोनाल्डोले ३१ औं र ६० औं मिनेटमा दुवै गोल पेनाल्टीमार्फत गरे । रोनाल्डोको फ्रान्सविरुद्ध पहिलो गोल हो । त्यसैगरि पोर्चुगलको लागि यूरोकपको समुह चरणको तीनवटै खेलमा गोल गर्ने पहिलो खेलाडी रोनाल्डो बनेका छन् ।

यी दुई गोलसँगै रोनाल्डोले अन्तरार्ष्ट्रिय गोलमा इरानका अलि डेइसँग १०९ गोलको किर्तिमानी बराबरी गर्न सफल भएका छन् । यद्यपि खेलपछि फ्रान्सका बेन्जेमा म्यान अफ द म्याच भए । बराबरीपछि पोर्चुगल छवटा समुहको तेस्रो हुने टोलीमध्ये उत्कृष्ट चारमा पर्न सफल हुँदै शिर्ष १६ पुग्न सफल भयो । शिर्ष १६ मा पोर्चुगलले समुह बी को विजेता बेल्जीयमसँग प्रतिस्पर्धा गर्नेछ । उता कोपा अमेरिका कपमा इक्वेडर र पेरुले २-२ को बराबरी खेल्दा ब्राजिलले कोलम्बियालाई २-१ ले पराजित गर्‍यो ।


# आकर्षक घर बिक्रिमा



उदयपुर जिल्लाको सदरमुकाम गाईघाट बजार, संगमटोल, प्यार डाईज बोडिङ जाने सडकको मुख्य रोडदेखि साठी ६० मिटर भित्र रहेको अढाई तले आकर्षक व्यापारिक घर बिक्रिमा ।

घरको आकर्षणहरु - भुँई तलामा २ वटा सटर, २ वटा कोठा, ट्वाईलेट बाथरुम, भर्याङ, पार्किङ भएको, माथिल्लो तलामा ३ वटा कोठा र कार्यकमहल अन्तिम तलामा दुई वटा कोठा र किचेन रुम भएको, बगैचा भएको, आफु बस्नको लागि बनाएको घर सुविधि सम्पन्न र नयाँ मापद्धन्द अनुसार पुर्वाधार भएको घर ईच्छुक ब्याक्तिले सम्पर्क गर्नुहोला ।

सम्पर्क - ९८४२८३७१७४/९८०३४८८९९३

## गाडि रिर्जभ चाहिएमा



डाईभर नन्दु चौधरी मो.न.९८४२९९०५४, ९८५२८३०५८२







त्रिनपा - ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व काका होटलसंगै जोडिएको। प्रोपाइटरः-**बिनोदकुमार पाण्डे** सम्पर्कः- ९८५२८३०५८२ *यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ।*

## सस्तोमा गिफ्टका सामान र गुडीया

**खवालुङ गुडीया सप्लायस**



त्रियुगा नगरपालिका ११ गाईघाट, असारी रोड । प्रोपाईटर : एनुका राई *सम्पर्क :- ९८१५७७१०५२*

यहाँ बिभिन्न किसिमका गुडीया तथा उपहारका सामग्री (गिफ्ट) सुपथ मूल्यमा पाईन्छ । साथै गुडीया बनाउने तालिम, प्रशिक्षण पनि दिइन्छ ।



प्रोपाइटर - कैलाश चामलिङ राई । सम्पर्क - ९८६२८३४६५६ ९८४२९८३५१०









## एस एण्ड एस सप्लायर्स

त्रिनपा - १० बोक्से यलम्बरटोल । यहाँ सम्पूर्ण किसिमका किराना तथा दैनिक उपभोग्य खाद्यान्न समाग्रीहरु सुपथ मूल्यमा पाईन्छ । साथै राँगा,बंगुर र ब्रोईलर कुखुराको मासु पनि उपलब्ध छ ।

प्रो. जिना राई ,सम्पर्क नं. ९८४२८५५५४७/९८०५९६०९२२

# ईटाली नौ वर्षपछि युरोकपको फाइनलमा

❖ बिबेक राई

*गाईघाट, असार २३*

१६ औँ यूरोकपको पहिलो सेमिफाइनलमा स्पेनलाई पराजित गर्दै ईटाली आठ वर्षपछि यूरोकपको फाइनलमा प्रवेश गरेको छ। नेपाली समयअनुसार बुधबार बिहान १२:४५ बजे भएको खेलमा स्पेनलाई टाइब्रेकरमा ४-२ ले पराजित गर्दै ईटाली फाइनल पुग्न सफल भएको हो। निर्धारित समय र थप गरिएको अतिरिक्त समयपनि १-१ कै बराबरी भएपछि खेलको निर्णय टाइब्रेकरबाट लिइएको थियो। टाइब्रेकरमा जीत हातपार्दै फाइनल पुगेको ईटालीले २०१२ को १४ औँ संस्करणको फाइनलमा भएको हारको बदलासमेत लिन सफल भएको छ।

त्यतिबेला पोल्याण्ड र युक्रेनले संयुक्त आयोजना गरेको प्रतियोगितामा स्पेनले फाइनलमा ईटालीलाई ४-० ले सहजै पराजित गर्दै उपाधि उचालेको थियो। त्यसको नौ वर्षपछि यी दुई टोली यूरोकपको सेमिफाइनल आइपुगेका हुन्। तर यसपटक सेमिफाइनलमा जीत हातपार्दै ईटाली उपाधिनजिक पुग्न सफल भयो। उसो त यी दुई टोलीको भेट २०१६ मा भएको १५ औँ संस्करण अर्थात गत संस्करणमा पनि भएको थियो। त्यतिबेला प्रि-क्वाटरफाइनलमा स्पेनलाई २-० ले हराएपनि क्वाटरफाइनलमा जर्मनीसँग पराजित भएपछि ईटाली पनि बाहिरिएको थियो।

तर स्पेनमाथिको त्यस जीतले १४ औँ संस्करणको फाइनलमा व्योहोरेको हारमाथि मल्हम लाउन सकेन र यसपटक स्पेनलाई फाइनल जानबाट रोक्दै ईटालीले आफ्नो पुरानो घाउमाथि मल्हम लगाएको छ। स्पेन भने ईटालीको तुलनामा धेरै कुरामा माथि भएपनि जीतबाट बञ्चित भयो। वर्तमान फिफा वरियतामा ईटालीभन्दा स्पेन एक स्थान माथि छ। स्पेन छैटौं र ईटाली सातौं स्थानमा छन्। पछिल्ला खेलहरुको ईतिहाँस हेर्ने हो भने पनि स्पेन नै हाबी भएको देखिन्छ। यस नतिजाबाहेक स्पेन ईटालीसँग नौ खेलमा मात्र पराजित भएको ईतिहाँस छ भने १२ मा जीत र १२ भेटमा बराबरी गरेको थियो।

यो स्पेनको १० औँ हार भएपनि ईटालीमाथि जीतकैहिसाब बढि छ। ईतिहाँसबाहेक बुधबारकै खेलको कुरा गर्दापनि ईटालीमाथि स्पेन नै हाबी भएको थियो। ईटालीले ३० प्रतिशतमात्र बल नियन्त्रणमा लिँदा स्पेनले ७० प्रतिशत अर्थात कैयौं बढिले बल नियन्त्रणमा लिएको थियो। त्यसबाहेक खेल अवधिभर ईटालीले कुल सात आक्रमण गर्दा स्पेनले १६ पटक शट प्रहार गरेको थियो। जर्मनीका रेफ्री फेलिक्स ब्रिकले ईटालीले दुई खेलाडीलाई पहेँलो कार्ड दिएका थिएभने राम्रो खेल पस्केको स्पेनले एकमात्र पहेँलो कार्ड पाएको थियो।

राम्रो खेल खेल्नुबाहेक स्पेन फिफा वरियतामा माथि हुनु, यसअघिका खेलहरु हेर्दापनि हेड टु हेडमा माथि हुनु, खेल अवधिभर ईटालीलाई दबाबमा राख्नु, आक्रमण पनि बढि नै गर्नु आदि धेरै कुराले माथि हुनुका बावजुद भाग्यले साथ नदिँदा स्पेन उपाधिभन्दा एक कदम अघिबाटै बाहिरियो। त्यसमाथि यूरोकपको तीनतीन पल्ट उपाधि जित्ने जर्मनी र स्पेन सर्वाधिक सफल टोली हुन्। जर्मनी यसअघि प्रि-क्वाटरफाइनलबाट नै बाहिरिसकेको थियोभने स्पेन सेमिफाइनलसम्म आइपुग्न सफल भयो।

बुधबारको खेलमा मिडफिल्डर फेडेरिको चिएसाले ६० औँ मिनेटमा गोल गर्दै ईटालीलाई सुरुवाती अग्रता दिलाएका थिए। उनी नै खेलपछि म्यान अफ द म्याच चुनिए। गोल खाएलगत्तै स्पेनका फेरान टोरेसको स्थानमा मैदान छिरेका अल्भारो मोराटाले ८० औँ मिनेटमा बराबरी गोल फर्काए। तर पछि टाइब्रेकरमा उनैले गोल नगर्दा स्पेन हार्न पुग्यो। ४-३-३ कै एउटै रणनीतिमा मैदान उत्रिएका दुवै टोलीले त्यसपछि निर्धारित ९० मिनेट र थप गरिएको अतिरिक्त ३० मिनेटसम्म पनि १-१ कै बराबरी खेलेपछि -*बाकि ३ पेजमा*

मुलुकी दैनिक पत्रिकामा बिज्ञापन प्रकाशन गर्नुपरेमा, पत्रिकाको बार्षिक, मासिक ग्राहक बन्नुपरेमा, मासिक शुल्क बुझाउनुपरेमा।

ब्यबस्थापक –९८४२९८५१८८







प्रोपाईटर - अगम चामलिङ राई, ९८०७७६४३४३
गाईघाट, उदयपुरको सबै भन्दा पुरानो सेकुवा कर्नर। स्थान- गाईघाट मेनचोक, एनएमबी बैङ्क बिशालबजार अगाडी। यहाँ खाने,बस्ने राम्रो व्यवस्था छ।

# नारायणी ग्याँस

## गाईघाट,डिलर, उदयपुर






# नारायणी ग्याँस

## गाईघाट,डिलर, उदयपुर

बिक्रेता - अर्जुन तिम्सिना
सम्पर्क मो. - ९८१९३३२३३२
स्थान - गाईघाट, उदयपुर, पूर्णपुष्टि मिडिया हाउसको पुर्वपटी रहेको मन्दिर को पुलको दक्षिण।

सम्पर्क – ९८६२९३६१९०
९८१९७४५०६७
स्थान – गाईघाट टेम्पुचोक




हाम्रा सेवाहरु

सेकुवा, रोष्ट, सिकुटी, भुटन, नास्ता सेट, चिसो पेय पदार्थ पाईनुका साथै प्याकिङ्को पनि सुविधा रहेको छ।

माझखर्क साप्ताहिकको सह-प्रकाशन
मुलुकी दैनिक

प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई (बुद्धि चामलिङ राई)
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोन:– ०३५-४२०३९४/९८५२८३५८८८
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट